युथ अफ खुदुनाबारी

अर्जुनधारा नगरपालिका–३, झापा

प्रथम साधारण सभामा प्रस्तुत

अध्यक्षको प्रतिवेदन तथा

आ.व. २०७९÷०८० को कार्ययोजना

मितिः २०७९÷०५÷११

यस युथ अफ खुदुनाबारी क्लबको दोस्रो साधारण सभाका प्रमुख अतिथि......................................

बिशिष्ट अतिथि.....................................

अतिथिज्यूहरु,

सल्लाहकार समिति ................................

लेखा समिति ...........................................

कार्यसमितिका सम्पूर्ण पदाधिकारी सदस्यहरु साथै यस क्लबका आजीवन सदस्यज्यूहरु, साधारण सदस्यज्यूहरु साथै यहाँ उपस्थित सम्पूर्ण सामाजिक ब्यक्तित्वहरु यहाँहरुमा एकमुष्ट रुपमा हार्दिक नमस्कार तथा स्वागत गर्न चाहन्छु ।

यस युथ अफ खुदुनाबारी क्लब सामाजिक सञ्जाल मार्फत वि.सं. २०६८ साल (सन् २०११) मा संचालनमा आई विभिन्न सामाजिक जनचेतनाका कुरा, विश्व माझ रहेका खुदुनाबारी वासीको रचनात्मक कामहरु, दुःख समस्याका आवाजहरु साथै समग्र समुदायको हितको लागि आवाज उठाउदै आएको संस्था हो । सामाजिक गतिविधिहरु गर्दै जादा दर्ता भएको आधिकारीकता पाएको संस्थाको आवश्यकता बारे महशुुस ग¥यौं र यस भेगका हाम्रा अग्रज अभिभावक, बुद्धिजीवी ब्यक्तित्व तथा शुभचिन्तकहरुसँग सल्लाह ग¥यौं र यस युथ अफ खुदुनाबारी लाई नै आधिकारीक रुपमा दर्ता गरि अघि बढाएर लैजाने निर्णय ग¥यौं ।

संयोग वस उक्त समय नेपालीको दोस्रो महान चाड शुभ दिपावलीको अवसर परेको थियो, कोभिडको कारणले देउसी नखेले पनि सुरक्षित साथ उहाँहरुको घर–घरमा गएर सबै अभिभावकसंग भेट ग¥यौं र क्लबको आवश्यकताबारे कुरा राख्यौं । देउसीको दक्षिणाबाट उहाँहरुले दिनुभएको रकम हामीले बचत ग¥यौं र त्यसको केही दिनपछि शर्वेश्वर शिव पञ्चायन मन्दिरको भवनमा एउटा भेला बस्यो र सोही भेलाले “युथ अफ खुदुनाबारी क्लब” नाम रहने गरि क्लब गठन ग¥यौं र उक्त क्लबलाई स्थापना तथा दर्ता प्रक्रियामा लैजान सोही भेला एउटा तर्दथ समिति बनायो । त्यहीबाट हामीले क्लब दर्ता प्रक्रिया अगाडी बढायौं । र सबै वैधानिक प्रक्रिया पुरा गरि संस्था दर्ता ऐन २०३४को दफा ४ बामेजिम २०७७।१०।११ मा यस “युथ अफ खुदुनाबारी क्लब” जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्न सफल भयौं। सिङ्गो खुदुनाबारीका युवाहरुलाई समुदायको विकासमा पे्ररित गरी विकृती बिसङ्गतीको अन्त्य गराउँदै विभिन्न रचनात्मक क्रियाकलापमा सहभागी गराई, ब्यक्तित्व विकास लगायत स्वरोजगार तथा उद्यमशिलता तर्फ लैजाने उद्देश्यले “युथ अफ खुदुनाबारी क्लब” स्थापना भएको हो । “युथ अफ खुदुनाबारी” सिङ्गो खुदुनाबारीवासीको साझा क्लब हो ।

हाम्रो उदेश्य अनुसार स्थापना भएको समयदेखि नै विभिन्न सामाजिक क्रियाकलाप, सामुदायिक विकास तालिम, माइनेट लेखन तथा उद्घोषण तालिम जस्ता रचनात्मक क्रियाकलाप गर्दै क्लब संस्थागत विकासमा अगाडि बढ्यो ।

उक्त समय बिश्वनै पहिलो चरणको कोरोना महामारी पार गर्दै दोस्रो चरणको महामारीबाट गुज्रीरहेको थियो । समुदायमा कोरोना लागेर होम आईसोलेसनमा उपचार गराई राखेका बिरामीहरुलाई मनोवल उच्च राख्न साथै रोगका बिरुद्ध लड्न निःशुल्क रुपमा पौष्टिक आहार, सुप, गेडागुडी, मास्क, सेनीटाईजर, विभिन्न

भिटामिनहरु लगायत औषधीजन्य सामाग्रीहरु वितरण गरी आवश्यकता अनुसार एम्बुलेन्स सेवा, पि.सि.आर.टेष्ट साथै राहत सामाग्री इत्यादीको लागि स्थानीय सरकार लगायत सम्बन्धीत निकायसँग समन्वय गरी सहयोगमा पहल ग¥यौं।

त्यसैगरी विभिन्न विकास निर्माणका कामहरुमा गुणस्तरको निगरानी गरी खबरदारी गर्ने काम क्लबले गरि रह्यो। क्लबको विधान अनुसार दर्ता भएको ६ महिना पछाडि यस क्लबले पहिलो साधारण सभा गरी सम्पूर्ण आजीवन सदस्य ज्यूहरु, जनप्रतिनिधि, बुद्धिजीवी, पत्रकारहरु माझ आफ्नो प्रतिवेदन प्रस्तुत ग¥यो र उक्त साधारण सभामा तदर्थ समिति बिगठन गरी पुनः सोही तदर्थ समितिलाई नै थप कार्यकालको जिम्मेवारी उक्त साधारण सभाको भेलाले प्रदान ग¥यो।

थप जिम्मेवारी पाएपछि हामी निरन्तर रुपमा सकृय भएर सामाजीक गतिविधिहरु गरि रहयोैं,

सोही समयमा राष्ट्रिय सञ्चार हिमालय टेलिभिजनबाट प्रशारण भईरहेको रियालिटी सो द भोइस अफ नेपालका प्रतिस्पर्धी किरण गजमेर जो खुदुनाबारीमा जन्मिएर आफ्नो बाल्यपन यही बिताई तेस्रो मुलुक पुर्नस्थापना हुने क्रममा अमेरीका बस्दै आएका थिए, उनलाई जिताउन सामाजिक सञ्जाल युट्युव लगायत विभिन्न ठाउँमा ब्यानर÷पोष्टर राखी क्लब मार्फत भोट अपिल गरिएको थियो साथै उनी बिजेता बनेपछी खुदुनाबारी ल्याएर क्लबले स्वागत तथा सम्मान कार्यक्रम गरेको थियो।

युवाहरुमा ब्यक्तित्व विकास गराउने उद्देश्यले माइन्यूट लेखन तथा कार्यक्रम संचालन सम्बन्धी तालिम क्लबले आयोजना गरेको थियो। र उक्त कार्यक्रममा पूर्व माननीय प्रेम गिरी ज्यूले प्रशिक्षण दिनुभएको थियो।

त्यसैगरी वातावरण स्वच्छ राख्ने उद्देश्यले विभिन्न क्षेत्रमा फोहोर ब्यवस्थापनको लागि क्लबले आधुनिक डस्टबीन निर्माण गरेको छ। कैंदले क्षेत्रमा पर्ने मलामी टहरामा ४ थान, फाल्गुनन्द चोकमा १ थान, आईतबारे बजारमा १ थान, जुकेखाडी सामुदायिक वन क्षेत्रमा १ थान, ग्रिनेरी सभाहलमा १ थान, प्रस्तावित प्राकृतिक रंगशाला परिसरमा १ थान, चर्चगेट भित्रिगाउँ प्रवेशद्वारामा १ थान गरी पहिलो चरणमा जम्मा १० थान डस्टबीन निर्माण गराएका छौ।

यसैगरी नेपालीहरुको महान् चाड बिजयादशी साथै दिपावलीको अवसरमा सम्पूर्ण गाउँवासी परिवारहरुमा शुभकामना पत्र, दिनका साथै स्थानीय कैंदले रंगशालामा लिङ्गेपिङ्ग निर्माण गरेका थियौं।

त्यसैगरी नयाँवर्ष २०७९ लाई भब्य रुपमा स्वागत गर्न तथा जिल्लाकै फुटबल खेललाई उजागर गराई यस प्रस्तावित प्राकृतिक रंगशालालाई देशव्यापी रुपमा परिचित गराउने उद्देश्यले खुल्ला पुरुष नकआउट फुटबल प्रतियोगिता आयोजना गरायौं।

त्यसैगरी शहिद स्मृती सि–डिभिजन फुटबल प्रतियोगिता– २०७८ मा झापा फुटबल क्लबको तर्फबाट खेल खेली प्रथम स्थान हासिल गर्न सफल खुदुनाबारीका ४ जना खेलाडीहरु साथै खुदुनाबारीका टिम म्यानेजरलाई क्लबले सम्मान गरेको थियो।

साथै एथलेटिक्स परिवार नेपालद्धारा सन् २०२१ डिसेम्बर ६ र ७ गते दशरथ रंगशाला काठमाण्डौंमा आयोजित अन्डर सिक्स्टीन (१६ बर्ष मूनिको) ६० मि. दौड प्रतियोगितामा दोश्रो स्थान हासिल गर्न सफल खुदुनाबारीकी रुबिना खतिवडालाई क्लबले हौसला स्वरुप सम्मान गरेको थियो।

यसै गरी प्रस्तावित प्राकृतिक कैंदले रंगशालाको स्तरउन्नतीको लागी फिफा मापदण्ड अनुरुप मैदान बनाई घेराबारा, स्टेज, महिला पुरुष शौचालय सहितको सुबिधा सम्पन्न रंगशाला निर्माण गर्नको लागि स्थानीय सरकारसँग समन्वय गरी क्लब सकृय भएर लागि परिरहेको छ।

कैदले प्राकिृतिक रंगशाला पूर्वाञ्चलकै सम्भावना बोकेको एक सुन्दर मैदान रहेको छ। यसमा सम्पूर्ण सामाजिक ब्यक्तित्व, स्थानीय सरकार, सामुदायिक वन लगायत सम्पूर्ण उपभोक्ताहरु निःश्वार्थ भई एकजुट भएर लागि परे एक सुबिधा सम्पन्न सुन्दर रंगशाला निर्माणको सपना हामी अवस्य साकार पार्न सक्दछौं।

आर्थिक रुपमा विपन्न वर्गका विद्यार्थीहरु पहिचान गरी श्री जनता मा.वि.मा कक्षा ११ मा अध्ययनरत एक जना विद्यार्थीलाई एक वर्ष सम्मको विद्यालय शुल्क र अन्य ३ जना बालबालिकाहरुलाई ३ जोर स्कूल सुज यसै कार्यक्रम मार्फत उपलब्ध गराउँदैछौं।

त्यसैगरी भानु आधारभूत विद्यालय..........................................................................

आगामी आर्थिक वर्ष २०७९÷०८० को लागी हामीले विभिन्न कार्यक्रमहरु गर्ने योजना बनाएका छौं।

१. स्थानीय सरकार तथा विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी लागु औषध दुब्र्यशनी न्यूनिकरण गर्न साथै युवाहरुको शारीरिक सुगठनमा प्रोत्साहन गर्न मिल्ने कार्यक्रम ल्याउने ।

२. बालवालिका हरुलाई असल संस्कारको विकास गराउन विभिन्न कार्यक्रमहरु ल्याउने ।

३. घरबार बिहिनहरुको पहिचान गरी सुरक्षित आवासको लागी स्थानीय सरकारसँग समन्वय गरी पहल गर्ने ।

४. स्मार्ट सिटीको अवधारणा अनुसार यस क्षेत्रको सौन्दर्यकरणको लागि स्थानीय सरकारसँग समन्वय गरी कार्यक्रमहरु ल्याउने ।

५. अभिभावक वर्गका पिढीहरुमा डिजिटल प्रविधिको शिक्षामा सहयोग पु¥याउने ।

६. यूवाहरुमा स्वरोजगार तथा उद्यमशिल बन्न प्रोत्साहन मूलक तालिम ल्याउने ।

७. वातावरण स्वच्छ राख्न सरसफाई सम्बन्धी विभिन्न कार्यक्रमहरु ल्याउने ।

८. कैदले पर्यापर्यटन क्षेत्रमा रहेको प्रस्तावित प्राकृति रंगशाला फिफा मापदण्ड अनुसार निर्माण गरी घेराबारा सहितको सुबिधा सम्पन्न रंगशाला निर्माणको लागि निरन्तर रुपमा लागि रहने ।

९. यस क्षेत्रका विद्यार्थी तथा बालवालिकाहरुलाई बौद्धिक ज्ञानको विकास गराउन रचनात्मक क्रियाकलापहरु आयोजना गर्ने ।

१०. निम्न वर्गका विद्यार्थी पहिचान गरी आवश्यकता अनुसार शैक्षिक सामाग्री, ड्रेस लगायत छात्रवृत्तिमा सहयोग पु¥याउने।

११. प्राकृतिक प्रकोप तथा दैविक प्रकोपबाट पीडित ब्यक्तिहरुलाई राहतका लागि पहल गर्ने ।

आगामी आर्थिक वर्षको लागि हामीले यस्तै यस्तै कार्ययोजनाहरु प्रस्ताव गरेका छौं । माथिका प्रस्तावित कार्ययोजनाहरुमा केहि योजनाहरु छुट्न गएमा सुझावको अपेक्षा गर्दछौं ।

क्लबलाई मजबुत बनाई अगाडी बढाउनको लागि समुदाय, नगर, प्रदेश, र देश, विदेशमा चिनाउनको लागि चुनौतिपूर्ण यात्राको लागि हामी तयार छौं, र यो अभियानमा सम्पूर्ण आजीवन सदस्य, साधारण सदस्य, सुभ चिन्तक महानुभावज्यूहरुमा रचनात्मक सहयोगको अपेक्षा गर्दछौं ।

साथै यहाँहरुको ब्यस्तताका बावजुत पनि आफ्नो अमूल्य समय दिएर यस कार्यक्रमको शोभा बढाईदिनु भएकोमा यहाँहरु सम्पूर्णमा हृदयबाट बिशेष धन्यवाद ज्ञापन गर्न चाहन्छौं।

प्रस्तुत कार्ययोजना सुझाव सहित पास पारित गरिदिनुहुन अनुरोध गर्दछौं।

धन्यवाद।